प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

मुकाम: बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

पत्र संख्या: २०७७/०७८

चलानी नं.:

मिति: २०७७/१२/१०

**आर्थिक र प्राविधिक प्रस्ताव माग गर्ने सूचना रद्द गरिएको सम्वन्धमा।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त वजेट बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा संचालन हुने तालिमहरु संचालन गर्दा **"संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारिमा आधारित व्यावसायिक तथा सीप विकास तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७७"** को दफा ६ बमोजिमको प्रदेश तालिम निर्देशन तथा समन्वय समितिबाट प्रदेश र स्थानीय तहले व्यहोर्ने लागत साझेदारीको अंश निर्धारण गरी सोही कार्यविधिको दफा ७ को उपदफा (२) बमोजिम प्रदेश तथा स्थानीय तहको लागत साझेदारीमा तालिम सञ्चालनका लागि सूचना आह्वान गर्नु पर्ने व्यवस्था रहेकोमा प्रदेश र स्थानीय तहले व्यहोर्ने साझेदारीको अंश निर्धारण नभएको तर यस मन्त्रालयमा सूचिकृत भएका तालिम प्रदायक संस्थाहरुसँग प्रतिव्यक्ति लागतका आधारमा सीप विकास तालिम सञ्चालनका लागि विषय, संख्या र स्थान समेत यकिन गरी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न २०७७/११/२३ मा सूचना मार्फत आह्वान भएकोले स्थानीय तहले व्यहोर्नु पर्ने लागत साझेदारीको अंशछुट हुन गएको देखिएबाट सीप विकास तालिम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्ने गरी मिति २०७७/११/२३ मा भएको सूचना रद्द गर्ने भनि यस मन्त्रालयबाट मिति २०७७/१२/१० गते निर्णय भएकोले सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यसबाट सम्बन्धित पक्षलाई पर्न गएको असुविधा प्रति हामी क्षमायाचना गर्दछौं।

(सञ्जय ज्ञवाली)

शाखा अधिकृत

शाखा अधिकृत